सिद्धार्थनगर नगरपालिका

# स्थानीय राजपत्र

खण्ड ५ संख्या : ४३ मितिः चैत्र २६ गते, २०७८

## भाग- २

## प्रकोप व्यवस्थापन कोष संचालन कार्यविधि, २०७८

**प्रस्तावना**

भुकम्प, भु-क्षय, बाढि पहिरो, आँधीवेरी, आगलागी, महामारी, हुरीबतास, सुख्खा, हिमपात, असिना जस्ता प्रकोप तथा विपद्जन्य घटनाहरु जुनसुकै समयमा पनि घट्न सक्ने भएकोले त्यसप्रति पूर्व तयारी हुन, प्रकोपजन्य घटनाहरु घटन नदिन, घटनालाई न्यूनीकरण गर्न र घटना घटिहालेमा यसलाई तत्काल उचित व्यवस्थापनका लागि आवश्यक कार्य गर्न सिद्धार्थनगर नगरपालिकाले स्थापना गरेको प्रकोप व्यवस्थापन कोषको प्रभावकारी संचालन तथा व्यवस्थापन गर्न बाञ्छनीय भएकोले, स्थानीय सरकार ऐन, २०७४ को दफा १०२(२) र सिद्धार्थनगर नगरपालिकाको प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७४ को दफा ४ ले दिएको अधिकारले दिएको अधिकार प्रयोग गरी सिद्धार्थनगर नगरपालिकाले यो प्रकोप व्यवस्थापन कोष संचालन कार्यविधि, २०७८ स्वीकृत गरी कार्यान्वयनमा ल्याएको छ ।

सिद्धार्थनगर नगरपालिका

## परिच्छेद १

## प्रारम्भिक

**१. सक्षिप्त नाम र प्रारम्भ :**

(क) यस कार्यविधिको नाम सिद्धार्थनगर नगरपालिकाको प्रकोप व्यवस्थापन कोष संचालन कार्यविधि, २०७८ रहेको छ ।

(ख) यो कार्यविधि सिद्धार्थनगर नगरपालिकाको नगरकार्यपालिकाले पारित गरी स्थानीय राजपत्रमा प्रकाशन भए पश्चात् लागु हुनेछ ।

**२. परिभाषा :**

विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,

१) "ऐन" भन्नाले स्थानीय सरकार ऐन, २०७४ लाई सम्भनु पर्दछ ।

२) "आर्थिक नियम" भन्नाले सार्वजनिक खरिद ऐन, नियमावली तथा अन्य प्रचलित नगरपालिकाको आर्थिक कार्यप्रणाली संचालन गर्ने कानून सम्भनु पर्दछ ।

३) "कोष" भन्नाले स्थानीय सरकार ऐनको दफा ११(२)(न) बमोजिमको कार्यसम्पादन गर्न तथा अन्य प्रचलित कानूनी व्यवस्था बमोजिम नगरपालिकाले प्रकोप तथा विपद् व्यवस्थापनका लागि स्थापना गरेको कोषलाई सम्भनु पर्दछ ।

४) "नगरपालिका" भन्नाले सिद्धार्थनगर नगरपालिकालाई संभनु पर्दछ ।

५) "नगर सभा" भन्नाले स्थानीय सरकार संचालन ऐन, २०७४ बमोजि गठन हुने नगर सभा सम्भनु पर्दछ ।

६) "नगर कार्यपालिका" भन्नाले स्थानीय सरकार ऐन, २०७४ बमोजिमको नगरकार्यपालिका सम्भनु पर्दछ ।

७) "स्थानीय तह" भन्नाले स्थानीय सरकार संचालन ऐन, २०७४ बमोजिम गठन भएका नगरपालिका वा गाउँपालिका सम्भनु पर्दछ ।

८) "समिति" भन्नाले कोष सञ्चालनको लागि गठन गरिएको समिति सम्भनुपर्दछ ।

९) "कर्मचारी" भन्नाले सिद्धार्थनगर नगरपालिकामा कार्यरत कर्मचारी सम्भनु पर्दछ ।

सिद्धार्थनगर नगरपालिका

१०) “प्रमुख प्रशासकीय अधिकृत” भन्नाले सिद्धार्थनगर नगरपालिकाको कार्यालयमा कार्यरत एनेको दफा ८४ बमोजिमको अधिकारीलाई सम्झनु पर्दछ ।

११) “संयोजक” भन्नाले कोष संचालन समितिका संयोजकलाई सम्झनु पर्दछ ।

१२) “सदस्य सचिव” भन्नाले कोष परिचालन समितिको सदस्य सचिवलाई सम्झनु पर्दछ ।

१३) “पूर्वाधार” भन्नाले सडक, ढल, सडक पेटी, सार्वजनिक पार्क, रंगशाला, ल्याण्डफिल्ड साइड, सार्वजनिक शौचालय, सांस्कृति सम्पदा संरक्षण जस्ता पूर्वाधारहरुलाई सम्झनुपर्दछ ।

१. “प्रकोप” भन्नाले प्राकृतिक, भौतिक, मानवीय वा अन्य कुनै कारणबाट आकस्मिक रुपमा घटित घटनाबाट आइपर्ने विपद् तथा संकटको अवस्था, सोको कारणबाट हुन गएको जनधन लगायत विभिन्न प्राकृतिक तथा मानवीय सम्पदाको क्षतिलाई सम्झनु पर्दछ। सो शब्दले यस कार्यविधिको हकमा कडारोगका कारण अप्ठ्यारोमा परेका व्यक्तिहरुलाई राहत सामाग्री, आर्थिक सहायता, औषधी उपचार सहयोग उपलब्ध गराउने कार्यलाई समेत सम्झनुपर्दछ ।

१४) “मर्मत सम्भार” भन्नाले प्रकोप तथा विपद्बाट क्षतीग्रस्त भएका पूर्वाधार लगायतका अन्य क्षतिग्रस्त स्थानहरुको व्यवस्थित किसिमले नगरपालिका लगायत अन्य सरकारी तथा गैर सरकारी निकायले सम्पादन गरिने कार्य सम्झनु पर्दछ ।

**३. कार्यविधिको उद्देश्य**

यस कार्यविधिको प्रमुख उद्देश्य सिद्धार्थनगर नगरपालिका भित्र आई पर्ने विपत्ति तथा दैविप्रकोप जस्ता घटनाहरुको उचित व्यवस्थापन गर्नका लागि आवश्यक संरचना तयार पारी कार्यान्वयनमा लैजानु प्रमुख उद्देश्य हो । यसका अन्य उद्देश्यहरु देहाय बमोजिम रहेका छन् :

२. प्राकृतिक प्रकोपमा परेका जनताको तत्काल उद्धारका निम्ति सहयोग पुर्‍याउने,

३. राहतका निम्ति स्रोत साधनको व्यवस्था गर्ने,

४. प्रकोप व्यवस्थापन लगायतका अन्य सम्भावित जोखिमहरुको विवरण तयार पारी जोखिमका आधारहरुको समाधान गर्ने कार्यक्रम तयार पार्ने,

५. वर्तमानमा प्राप्त लगानी वा थोरै मेहनतबाट भविष्यमा हुने ठूलो क्षीतिबाट योजना तथा आयोजनाहरुलाई समयमा नै बचाउने,

६. प्रकोप, महामारी, कडारोगका कारण अप्ठ्यारोमा परेका व्यक्तिहरुलाई राहत सामाग्री, आर्थिक सहायता, औषधी उपचार सहयोग उपलब्ध गराउने,

७. प्रकोपमा परेकाहरुलाई अस्थायी बासोवास, खानपिन, उपचारको व्यवस्था गर्ने,

८. प्रकोपबाट क्षतिग्रस्त संरचनाको पुननिर्माण र मर्मत संभारमा सहयोग पुर्‍याउने,

९. सर्वसाधारण जनतालाई प्रकोपको रोकथाम र त्यसबाट बच्ने उपायहरुका सम्बन्धमा चेतना जगाउने उपायहरु अबलम्बन गर्ने ।

१०. नगरक्षेत्र भित्र पिडित सेवाग्राहीहरुको सेवा प्रवाहमा सुनिश्चितता प्रदान गर्ने ।

११. प्रकोप सम्बन्धी पर्याप्त जनचेतना जगाउने ।

## ४. कार्यविधिको कार्य क्षेत्र

प्रकोप व्यवस्थापनका लागि आवश्यक पर्ने व्यवस्थापकीय तथा संस्थागत पक्षलाई समेटिएको छ । नगरपालिकाले आफ्नो प्रयोजनका लागि मात्र यो कार्यविधि बनाएको हुँदा यसको कार्य सीमा सिद्धार्थनगर नगरपालिका क्षेत्रमा मात्र रहने छ ।

## ५. प्रकोपका तथा विपद् कारणहरु

प्रकोपका कारणहरु देहाय अनुसार रहेको पाइन्छ,

१. गरिवी

२. असन्तुलित विकास

३. लैंगिक असमानता

४. जनसंख्या बृद्धि र प्राकृतिक स्रोतको बढी प्रयोग

५. तीव्र गतिमा अव्यवस्थित शहरीकरण

६. सांस्कृतिक द्वन्द

७. प्राकृतिक तथा मानवीय विनास,

८. महामारी तथा दीर्घ रोग,

९. दैविप्रकोपका विषयमा जनचेतनाको कमी ।

सिद्धार्थनगर नगरपालिका

## परिच्छेद –२

## प्रकोप सम्बन्धी नीति, रणनीति, कार्यनीति सम्बन्धी व्यवस्था

**६. नीति**

नगरपालिकाबाट खास गरी दैवी प्रकोप तथा विपद्बाट सिर्जित प्रभाब र असरलाई न्यूनीकरण गरी सम्भावित जोखिमहरुलाई समयमानै पहिचान गर्ने नीति अवलम्बन गरिनेछ ।

**७. रणनीति**

नगरपालिकाको प्रकोपको उद्धार तथा व्यवस्थापन सम्बन्धी रणनीति देहाय अनुसार अवलम्बन गरिनेछ :

१. नगरपालिका भित्र प्रकोपका जोखिमहरु न्यूनीकरण गर्नका लागि आवश्यक पर्ने सूचना र प्रविधिको प्रयोग विभिन्न सरकारी र गैरसरकारी संघ संस्थाको सहकार्यमा गरिनेछ ।

२. प्रकोप पिडितहरुलाई समयमा नै राहत र उद्धारका कार्यहरु परिचालनका लागि सरकारी, गैरसरकारी र नीजिक्षेत्रको सहकार्यलाई सुदृढ पारिनेछ ।

३. विकास निर्माण सम्बन्धी कार्यहरुमा वातावरणमैत्री प्रणालीको प्रयोग तथा विकासमा जोड दिनेछ ।

**८. प्रकोप व्यवस्थापनको कार्य नीतिहरु**

नगरपालिकाले प्रकोप व्यवस्थापनमा देहाय बमोजिमका कार्य नीतिहरु अवलम्बन गर्नेछः

१. प्रकोपमा परेकाहरुको उद्धार र राहत कार्य गर्दा यस कार्यसंग संवद्ध नगर तथा जिल्ला तहका अन्य निकायहरुसंग समन्वय राखेर गर्ने व्यवस्था सुदृढ गरिनेछ ।

२. प्राकृतिक प्रकोप सम्बन्धी कार्यहरु संचालन गर्दा नगर क्षेत्रमा भएका विभिन्न निकाय र अन्य स्थानीय निकायका सक्षम र दक्ष जनशक्तिको प्रयोग गरी सरोकारवाला र नागरिक समाज समेतको सकृय सहयोग अवलम्बन गरिनेछ ।

सिद्धार्थनगर नगरपालिका

३. प्रकोपमा परेकाको उद्धार कार्य र राहत वितरण गर्दा नगर क्षेत्रमा रेडक्रस, स्काउट, रोटरी क्लब तथा अन्य संघसंस्थाहरु, स्वयंसेवकहरु, समाजसेवीहरुको समन्वय र सहकार्यबाट परिचालन गरिनेछ ।

४. प्रकोपबाट पिडितहरुलाई राहत, उद्धार र पुनःर्स्थापना जस्ता कार्य सम्पादन गर्नु पर्दा नगर तथा जिल्लास्तरमा रहेका सरकारी, गैरसरकारी र नीजिक्षेत्र समेतको सहकार्यलाई बढी सुदृढ गर्न नगरस्तरीय संयन्त्रको विकास गरिनेछ ।

५. प्रकोप उद्धारका निम्ति सामग्री र नगद जुटाउन सामाजिक संघसंस्था र दातृ निकायहरुको समेत सहयोग परिचालन गर्न आवश्यक प्रक्रिया अवलम्बन गरिनेछ ।

६. भू-क्षय, बाढी, नदी नियन्त्रण गर्ने जस्ता कार्यलाई प्रभावकारी रुपमा कार्यान्वयन गर्नका लागि नगर तथा जिल्लास्तरीय संयन्त्रको सहयोग लिइनेछ ।

७. प्रकोपका शिर्षकमा विनियोजन भएको रकम कुनै पनि अवस्थामा अन्य शिर्षकमा खर्च नगर्ने नीति अवलम्बन गरिनेछ ।

८. प्रकोपमा परेकाहरुलाई सहयोग उपलब्ध गराउँदा सकेसम्म नगदमा भन्दा सामग्री नै उपलब्ध गराउने व्यवस्था गरिनेछ ।

९. प्रकोपबाट सर्वैभन्दा बढी जोखिममा परेका र अति विपन्न वर्गहरुलाई पहिलो प्राथमिकता दिई उद्धार कार्य परिचालन गर्ने र राहत सामग्री उपलब्ध गराउने नीति अवलम्बन गरिनेछ ।

१०. प्रकोपको अत्यधिक जोखिम रहेका क्षेत्रहरुको पहिचान गरी नक्सांकन गरी प्रकोप पूर्वको कार्य तयारीलाई प्रश्रय दिइनेछ ।

## ९. प्रकोप व्यवस्थापनको चक्र

प्रकोप व्यवस्थापनको चक्र देहाय बमोजिम हुनेछ :

### ९.१. उद्धार

घटना घटेको जानकारी प्राप्त हुनासाथ उद्धारका लागि तयार हुने, घटनास्थलमा उद्धार सामाग्री र उद्धारकर्ता पुर्‍याउने, घटनाको र घटनास्थलको वास्तविक सूचना शिघ्र उपलब्ध गराउने, बचाउन सकिने मान्छेको खोजी गर्ने, बचाउन सकिने धन

सिद्धार्थनगर नगरपालिका

सम्पतिको बचाउ गर्ने, असुरक्षित क्षेत्रबाट मानिसहरुलाई सुरक्षित क्षेत्रतर्फ लैजाने र आकश्मिक सहयोगहरु जुटाउने कार्य यस अन्तरगत पर्दछन् । यो प्रारम्भमा गरिने कार्य उद्धार हो ।

**९.२. पुनर्स्थापन**

प्रकोपबाट मानिसमा परेको प्रभावको मूल्यांकन गर्ने, प्रभावित नागरिकहरुलाई तत्काल आपतकालिन सहयोग प्रदान गर्ने र पूर्वबत अवस्थामा पुर्याउन आर्थिक सहयोग गर्ने, सरसल्लाह दिने र हौसला बढाउने, पुनस्थापना योजना तर्जुमा गरी कार्यान्वयनमा ल्याउने जस्ता कार्यहरु यसमा पर्दछन् । दोस्रो चरणमा गरिने यो नै पुनर्स्थापनाको कार्य हो ।

९.३. **पुनर्निमाण**

नोक्सान भएका भौतिक संरचनाको  विवरण संकलन गर्ने, भवन, पूल पुलेसा, कल्भर्ट खानेपानी, विद्यालय, शौचालय, विजुली बत्ति आदिको निर्माणमा लगानी गर्ने, विग्रियका सवै सेवाहरुको पुनः सञ्चालन गर्ने कार्य यस यस अन्तरगत  पर्दछन् । प्रकोप व्यवस्थापन चक्रको यो नै तेस्रो चरण हो ।

९.४. **पीडा साम्य**

प्रकोप पूर्व र पछि मानिसमा पर्न सक्ने र पर्ने शारीरिक, मानसिक,र प्राकृतिक पीडा कम गर्न वा साम्य पार्न गरिने कार्य पीडा साम्य हो । यसमा  कुनै घटना घटनु अघि जनचेतना जागृत गराउने खालका कार्य गर्नु, सम्भावित खतराहरुबाट बच्नका लागि आवश्यक कार्य गर्नु र घटि सकेपछि सान्त्वना दिन र पिडालाई विर्साउनका लागि गरिने विविध कार्यहरु यति वेला गरिन्छन् । यो नै चौथो चरणको कार्य हो । यसले पछि घटन सक्ने घटनाहरुलाई रोकथाम गर्नमा ठूलो सहयोग गर्दछ ।

**९.५. पूर्व तयारी**

भविष्यमा घटन सक्ने घटनावाट सजक भएर हुन सक्ने क्षति कम गर्न, उद्धारकार्यलाई व्यवस्थित रुपमा तयार पार्ने, उद्धार सामाग्रीहरुको संग्रह गर्ने, सवै क्षेत्रको सामुहिक सहयोग परिचालन गर्न, सूचना आदान प्रदान गर्ने, जाली बनाउने, पूर्व सूचना दिन सक्ने संयन्त्रको भरपर्दो रुपमा विकास गर्ने, कमजोर तथा संवेदनशील स्थान तथा

सिद्धार्थनगर नगरपालिका

क्षेत्रहरुको विशेष निगरानी राख्ने काम यस अवस्थामा गरिन्छ । यो नै अन्तिम र पाँचौ चरणको कार्य हो । यसकै आधामा उद्धार कार्यलाई व्यवस्थित र भरपर्दो बनाउन सकिन्छ ।

## १०. कार्यक्रमहरु

प्रकोप उद्धार तथा व्यवस्थापन अन्तरगत निम्नानुसारका कार्यक्रमहरु रहने छन् :

१. नगरस्तरीय रणनीतिको तर्जूमा र कार्यान्वयन

२. सचेतना कार्यक्रम संचालन,

३. प्रकोप व्यवस्थापनको क्षमता अभिबुद्धि कार्यक्रम

४. प्रकोप पिडितहरुलाई उद्धार,राहत र पुनःस्थपनाको पूर्व तयारी,

५. उद्धार तथा राहत कार्यक्रमको अध्ययन, अनुसन्धान तथा विश्लेषणको कार्यक्रम,

६. प्रकोप रोकथाम

७. प्रकोप न्यूनिकरण,

८. गम्भिर रोग, दुर्घटनाका विरामीहरुको उपचार सहयोग,

९. जनचेतना जगाउने कार्य र

१०. नगरपालिकाले तोकेका अन्य कार्यक्रमहरु ।

## ११. पूर्व तयारी सम्बन्धी कार्यक्रमहरु

नगरपालिकाले प्रकोप उद्धार तथा व्यवस्थापनका लागि देहायका पूर्व तयारीका कार्यक्रमहरु संचालन गर्नेछ ।

### (११.१) संगठनात्मक व्यवस्था

नगरपालिकाले प्रकोप उद्धार तथा व्यवस्थापनका लागि कार्यालयमा त्यस सम्बन्धी कार्य हेर्ने छुट्टै इकाई वा शाखाको व्यवस्था गर्नेछ ।

### (११.२) जनशक्तिको व्यवस्था

शाखा वा इकाईमा कार्यसम्पादन गर्नका लागि नगरपालिका वा अन्य स्थानीय तहहरुसँग मिलेर विशेष टोली गठन गरी तालिमको व्यवस्था सहित आवश्यक साधन तथा औजारहरुको व्यवस्था गरिनेछ ।

सिद्धार्थनगर नगरपालिका

**(११.३) आवश्यक बजेटको व्यवस्था**

नगरपालिकाबाट विनियोजन गरेको बजेट र अन्य स्रोतबाट पनि रकम संकलन गरी राख्ने व्यवस्था गरिनेछ ।

**(११.४) साधनको व्यवस्था**

प्रारम्भिक साधनहरुको व्यवस्था कार्यालयमा तयारी हालतमा राखिने र जुनसुकै बेलामा प्रयोगमा लैजान सक्ने गरी कार्यालयमा भण्डारणको व्यवस्था गरिनेछ ।

**(११.५) जोखिम स्थानको पहिचान**

कार्यालयले नगरपालिकाक्षेत्र भित्र जोखिम स्थानहरुको पहिचान गरी यसका लागि अद्यावधिक विवरण तथा भविष्यमा घट्न सक्ने घटनाको सम्भावित क्षमताका वारेमा जानकारी राखिनेछ ।

**(११.६) अध्ययन विश्लेषण**

प्रकोप सम्बन्धी घटनाहरुको अध्ययन तथा विश्लेषण जस्ता कार्यहरु नियमित रुपमा गर्दै नगरवासीहरुले आवश्यक जानकारी प्राप्त गरी त्यस किसिमका घटनाबाट सचेत र सजग रहन आवश्यक व्यवस्था मिलाइनेछ ।

**(११.७) जनचेतना अभिबृद्धि एवं प्रशिक्षण कार्यक्रम**

प्रकोपबाट बँच्नका लागि विभिन्न प्रकारका जनचेतना सम्बन्धी कार्यक्रमहरु सञ्चालन गर्ने, स्थानीय जनताहरुलाई सुसुचित गर्ने कार्यक्रमहरु संचालन गर्दा महिला, बालबालिका र प्रौढहरुलाई समेत सहभागी गराउने, विद्यालयहरुमा प्रकोप व्यवस्थापन र त्यसबाट बच्न सक्ने वा जोगिन सकिने विषयहरुको ज्ञान दिलाउने कार्यक्रम संचालन गरिनेछ ।

## १२. प्रकोप व्यवस्थापनको वर्गीकरण

प्रकोप उद्धार तथा व्यवस्थापनको चक्रलाई हेर्दा खासगरी यसका कार्यहरुलाई दुई भागमा विभाजन गर्न सकिन्छ :

**क) प्रकोप अगाडि गरिने कार्यहरु :**

१. संभावित घटनाका वारेमा पूर्व सूचना एवं जानकारी प्राप्त गर्नु,

सिद्धार्थनगर नगरपालिका

२. त्यसबाट प्रभावित हुन सक्ने संभावित जनसमुदायहरुलाई पूर्व जानकारी दिनु,

३. पूर्व रोकथामका संभाव्य उपायहरु पत्तालगाउनु,

४. संभाव्य जोखिमबाट बच्ने उपाय सम्बन्धमा सर्वसाधारणहरुलाई प्रशिक्षण दिनु,

५. व्यवस्थापन गर्ने कार्यको लागि आवश्यक कानूनी र नीतिगत व्यवस्था गर्नु,

६. संगठनात्मक संयन्त्रको व्यवस्था गर्नु,

७. रोकथाम, नियन्त्रण र राहत लगायतका विषयहरुमा योजनाबद्ध व्यवस्था गर्नु,

८. स्रोत साधन र जनशक्तिको व्यवस्था गर्नु,

९. उद्धार दलमा सम्लग्न हुने व्यक्तिलाई तालिम र प्रशिक्षण दिनु

**ख) प्रकोप पश्चात् गर्नुपर्ने कार्यहरु**

१. खोजतलास, औषधी उपचार तथा उद्धार सम्बन्धी कार्यहरु,

२. सडक, राजमार्ग आदिको क्षति तुरुन्त हटाई यातायात सुचारु गर्नु,

३. खाद्यान्न एवं पानीको व्यवस्थाका साथै संचार एवं विद्युत सेवा सुचारु गर्ने,

४. बसोवास एवं लत्ता कपडाको व्यवस्था मिलाउने,

५. आपतकालीन आर्थिक सहयोग प्रदान गर्ने,

६. विपतमा परेका व्यक्तिलाई सल्लाह सुझाव र सान्त्वना प्रदान गरी आत्मबल वलियो बनाउने,

७. अल्पकालीन पुननिर्माण शुरु र दीर्घकालीन पुननिर्माणका लागि योजनाबद्ध प्रयासहरु थाल्ने,

८. पुननिर्माण र पुनसंरचना कार्य सम्पन्न गर्ने आदि ।,

## १३. नगरपालिकाको दायित्व

प्रकोप व्यवस्थापनका लागि नगरपालिकाको प्रमुख दायित्व देहायअनुसार हुनेछ :

१. नगर भित्रको सम्भावित खतरा र उद्धार गर्नु पर्नेको स्थिति विवरण तयारी गर्ने,

२. नगरपालिकाको प्रकोप गुरुयोजनाको तयारी तथा अद्यावधिक गर्ने,

३. निम्न विवरण सहितको  वार्षिक योजना तयार गरी नगरसभाबाट स्वीकृत गर्ने :

सिद्धार्थनगर नगरपालिका

क) तत्काल उद्धार कार्य आवश्यक भएका स्थानहरुको विवरण,

ख) कार्यको प्रकार र कार्यको प्राथमिकता,

ग) कार्यको डिजाइन तथा लागत अनुमान,

घ) कर्मचारीहरुको विस्तृत विवरण सहितको जानकारी,

ङ) उपलब्ध भौतिक सेवा तथा सुविधा र प्राविधिक श्रोतको जानकारी,

च) प्राथमिकिकरण अनुमानित तालिका तथा उद्धार कार्य योजना ।

**१४. विभिन्न निकायहरुको भुमिका**

उद्धार कार्यको समुचित कार्यान्वयका लागि नगरपालिका भित्रमा निम्न निकायहरुको भूमिका रहनेछ :

१. जिल्ला समन्वय समिति

२. नगरपालिकासँग सिमा जोडिएका स्थानीय तहहरु

३. जिल्लास्तरीय दैवि प्रकोप उद्धार समिति

४. स्थानीय सामुदायिक संस्थाहरु

५. स्थानीय बुद्धिजिवी, समाजसेवी,

६. दातृ निकायहरु

७. नगरबासीहरु

## परिच्छेद ३

## कार्यान्वयन व्यवस्थापन

**१५. कार्यान्वयन व्यवस्थापन**

१. प्रकोप घटनाको अवस्था हेरी उद्धारको कार्य गर्ने व्यवस्था मिलाउने छ ।

२. कुन काम कसरी गर्ने गराउने भन्ने विषयमा प्रचलित कानून बमोजिम हुनेछ ।

३. नगरपालिकामा प्रकोप व्यवस्थापन कोष संचालन तथा व्यवस्थापनका लागि देहाय बमोजिमको एक समितिको गठन गरिनेछ ।

सिद्धार्थनगर नगरपालिका

(क) नगर प्रमुख - संयोजक

(ख) नगर उपप्रमुख - सदस्य

(ग) प्रमुख प्रशासकीय अधिकृत - सदस्य

(घ) विपद् व्यवस्थापन समितिको संयोजक - सदस्य

(ङ) प्रकोप, विपद् व्यवस्थापन सम्पर्क व्यक्ति - सदस्य सचिव

४. यस कार्यबिधि बमोजिम गठित समितिको नियमित वैठकमा लेखा शाखा प्रमुख र अन्य कामसंग सम्बन्धित कुनै पनि व्यक्ति वा संस्थाको प्रतिनिधिलाई आवश्यकता अनुसार आमन्त्रित गर्न सकिनेछ ।

५. आमन्त्रित पदाधिकारी वा व्यक्तिको मताधिकार हुने छैन ।

६. आमन्त्रित पदाधिकारीले पनि वैठकमा उपस्थित भए वापत अन्य पदाधिकारीले पाए सरहको भत्ता तथा अन्य सुविधा पाउनेछ ।

७. समितिले निश्चित रकमसम्म निर्णय गर्ने अधिकार नगर प्रमुख वा अन्य पदाधिकारीलाई प्रत्यायोजन गर्न सक्नेछ ।

**१६. समितिको बैठक**

१) समितिको बैठक कम्तीमा बर्षको दुई पटक र आवश्यक परेमा जुनसुकै बखत पनि बस्न सक्नेछ ।

२) समितिको बैठक संयोजकसंग परामर्श गरी सदस्य-सचिवले बोलाउनेछ ।

३) संयोजकको अनुपस्थितिमा वैठक वस्न नसक्ने अवस्था भएमा प्रमुख प्रशासकीय अधिकृतको समन्वयमा नगर उपप्रमुखको संयोजकत्वमा वैठक वसी आवश्यक निर्णय लिन सकिनेछ । तर यस किसिमको वैठकवाट भएको निर्णयहरुलाई पछिल्लो वैठकमा जानकारीका लागि सदस्य सचिवले पेश गर्नु पर्नेछ ।

**१७. समितिको काम, कर्तव्य र अधिकार** :

समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :

(क) ऐन र नियमावली अनुसार कोषको खातामा जम्मा गर्नु पर्ने रकम समयमा नै जम्मा गर्ने व्यवस्था मिलाउने ।

सिद्धार्थनगर नगरपालिका

(ख) कोषको लागि वार्षिक रुपमा आवश्यक पर्ने, यसबाट आर्जन हुने र खर्च हुने रकमको कार्य योजना बनाई कार्यान्वयन गर्ने ।

(ग) कोषको आय-व्यय सम्बन्धी हर हिसाबको लेखापरीक्षण गराई सोको लेखापरीक्षण प्रतिवेदन नगरसभामा पेश गर्ने ।

(घ) आवश्यक पर्ने कर्मचारीहरू लगायत खर्चको व्यवस्था नगरपालिका कार्यालयबाटै मिलाउने व्यवस्था गर्ने ।

(ङ) कोषमा जम्मा भएको तथा खर्च भएको रकमको यथार्थ विवरण सार्वजनिक गर्ने, गराउने ।

(च) समितिमा आवश्यक रकम जुटाउने तर्फ आवश्यक पहल गर्ने ।

(छ) विकास साझेदार तथा विभिन्न सरकारी तथा अर्ध सरकारी निकायहरुसंग नगरपालिकाको सहमतिमा कार्यक्रमहरु उपलब्ध गराउने तर्फ आवश्यक पहल गर्ने ।

(ज) प्रकोपबाट क्षति भई मर्मत सम्भारका लागि आवश्यक पर्ने कार्य तथा बाटो पूल, पूलेसा र सडकको विवरण संकलन गर्ने ।

(झ) श्रोतको व्यवस्थापन गर्ने ।

**१८. समितिका पदाधिकारीहरूको काम, कर्तव्य र अधिकारः**

समितिका पदाधिकारीहरुको काम कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :

**(क) संयोजकको काम, कर्तव्य र अधिकार** :

१. समितिको बैठकको अध्यक्षता गर्ने ।

२. कोषको सम्पूर्ण गतिविधिको नेतृत्व गर्ने ।

३. कोष सम्बन्धी सम्पूर्ण उत्तरदायित्व बहन गर्ने ।

४. समितिबाट पारित वार्षिक कार्यक्रम तथा आय व्ययको विवरण प्रस्तावित बजेटमा समावेश गरी नगर सभामा पेश गर्ने व्यवस्था मिलाउने ।

५. कार्यक्रमहरुको विवरण समयमा नै संकलन गरि राख्ने व्यवस्था मिलाउने ।

**(ख) सदस्यको काम, कर्तव्य र अधिकारः**

१. समितिको बैठकमा नियमित रूपमा भाग लिने ।

सिद्धार्थनगर नगरपालिका

२. निर्णय कार्यान्वयनमा सहयोग गर्ने ।

३. कोषको प्रवर्द्धन र कार्यक्रमको हित हुने कार्य प्रस्ताव गर्ने ।

४. संयोजकको निर्देशन अनुसार अन्य आवश्यक कार्य गर्ने, गराउने ।

**(ग) सदस्य-सचिवको काम, कर्तव्य र अधिकारः**

१. कोषको कार्यालय सञ्चालन गर्ने ।

२. बैठकको निर्णय अभिलेख गरी राख्ने ।

३. बैठकको निर्णय कार्यान्वयन गर्ने ।

४. संयोजकको निर्देशन अनुसार कार्य सञ्चालन गर्ने, गराउने ।

५. कोषको सञ्चालन सम्बन्धी श्रेस्ता तथा चल अचल सम्पत्तिको जिम्मा लेखांकन गर्ने ।

६. वार्षिक आर्थिक प्रतिवेदन र लेखा परीक्षण प्रतिवेदन समितिमा पेश गर्ने ।

## परिच्छेद-४

## कोष व्यवस्थापन सम्बन्धी व्यवस्था

**१९. कोषको स्थापना र खाताको व्यवस्था** :

१. नगरपालिकामा एक प्रकोप उद्धार विशेष कोष स्थापना गरिनेछ ।

२. कोषमा देहायका रकमहरू रहनेछन् :

(क) प्रकोप व्यवस्थापन कोषका लागि हालसम्म छुट्याईएको सम्पूर्ण रकम,

(ख) प्रत्येक आर्थिक वर्षमा नगर सभाले विनियोजन गरेको रकम,

(ग) कुनै व्यक्ति, संस्था वा निकायद्वारा कोषलाई प्राप्त हुने सहयोग वा अनुदान रकम,

(घ) नगर सभाको स्वीकृतिमा प्राप्त अन्य रकम,

(ङ) संघीय सरकार वा प्रदेश सरकारबाट विनियोजित रकम,

(च) नगरपालिकासँग सिमा जोडिएका अन्य स्थानीय तहबाट प्राप्त रकम,

(छ) संघीय सरकारबाट स्वीकृति प्राप्त भए बमोजिम वैदेशिक श्रोतबाट प्राप्त रकम,

(च) अन्य विविध श्रोतबाट प्राप्त रकम ।

सिद्धार्थनगर नगरपालिका

३. समितिको निर्णयवाट तोकिएको बैकमा “प्रकोप व्यवस्थापन कोष” नामको एक खाता खोली आर्थिक कारोबार सञ्चालन गरिनेछ । कोषको खाता संचालन प्रमुख प्रशासकीय अधिकृत र आर्थिक प्रशासन शाखा प्रमुखबाट हुनेछ ।

४. कोषको प्रयोग यस कार्यविधि बमोजिम तोकिएका नीति, रणनीति, कार्यक्रम कार्यक्रमको कार्यान्वयनको क्षेत्रमा खर्च गरिनेछ ।

५. कोषमा कुनै कारणले रकम अपुग भई संचालित कार्यक्रमहरुमा प्रत्यक्ष असर पर्ने अवस्था भएमा समितिले औचित्यता हेरी नपुग रकमका लागि नगरपालिकामा आवश्यक व्यवस्थाका लागि सिफारिस गर्नुपर्नेछ ।

६. प्रकोप व्यवस्थापन कोषबाट भएको आय व्ययको अन्तिम लेखा परीक्षण महालेखा परीक्षकको कार्यालयबाट हुनेछ ।

## परिच्छेद–५
## विविध

**२०. रकम खर्च गर्ने प्रक्रिया**

प्रकोप, उद्धार तथा राहत कार्यक्रम संचालन गर्दा प्रचलित ऐन तथा नियमहरुको पूर्णरुपमा पालना गर्नुपर्नेछ । नियमानुसारको विल भरपाईहरु पेश अनिवार्य रुपमा गर्नु पर्नेछ ।

**२१. विवरण सार्वजनिक गर्नु पर्ने**

प्रकोप सम्बन्धी कार्यक्रमका लागि उपलब्ध गराएको रकमहरुको विवरण चौमासिक रुपमा सार्वजनिक गर्नुपर्नेछ ।

**२२. पुरस्कार वा प्रशंसापत्र प्रदान गर्न सक्ने**

राम्रो काम गर्ने समाजसेवी, संस्थाहरु, कर्मचारीहरुलाई नगरपालिकाले नगद पुरस्कार वा प्रशंसा पत्र दिन सक्नेछ ।

**२३. संशोधन तथा बचाउ**

१. यस कार्यविधिमा संशोधन थपघट गरी संशोधन गर्नुपरेमा कार्यपालिकाले गर्न सक्नेछ ।

सिद्धार्थनगर नगरपालिका

२. कार्यविधि स्वीकृत हुनु अघि संचालन गरिएका सम्पूर्ण कार्यक्रमहरु यसै कार्यविधि बमोजिम भए गरेको मानिनेछ ।

३. यस कार्यविधिमा उल्लेख गरिएका कुराहरुका हकमा यसै कार्यविधि अनुसार र उल्लेख नभएका कुराहरुका हकमा प्रचलित ऐन नियम अनुसार हुनेछ ।

४. यस कार्यविधिमा लेखिएका कुराहरु स्थानीय सरकार संचालन ऐन, २०७४ तथा अन्य संघीय तथा लुम्बिनी प्रदेश सरकारको कानूनसँग बाझिएमा बाझिएको हदसम्म स्वतः निष्कृय हुनेछ ।

आज्ञाले :

तुल्सीराम मरासिनी

प्रमुख प्रशासकिय अधिकृत

सिद्धार्थनगर नगरपालिका